बैठक संख्या:१६३

आज मिति २०८१/५/१२ गते बुधवार बिहान ११:०० बजे यस गजुरी गाउँपलिका, धादिङ्गका अध्यक्ष श्री गणेश लाल श्रेष्ठज्यूको अध्यक्षता तथा तपशिल बमोजिमको कार्यपलिका सदस्य ज्यूहरुको उपस्थितिमा गाउँपालिका कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिका बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेश लाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विशुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | वडा अध्यक्ष | |
| ४ | श्री द्रोण कर्देल | वडा अध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | वडा अध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | वडा अध्यक्ष | |
| ७ | श्री गोविन्द लामिछाने | वडा अध्यक्ष | |
| ८ | श्री भक्त बहादुर तामाङ | वडा अध्यक्ष | |
| ९ | श्री बद्री प्रसाद जम्मकट्टेल | वडा अध्यक्ष | |
| १० | श्री देवराज ओझा | वडा अध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री तारा लामा | कार्यपालिका सदस्य | तारा |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री राजु अधिकारी | सचिव | |

प्रस्तावहरु:

१. चालु आ.व. २०८१/८२ को लागि वार्षिक कार्यक्रम कार्यान्वयन तयारी सम्बन्धमा ।

२. समपुरक तथा विशेष योजनाहरुको ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा ।

३. खरिद योजना पारित सम्बन्धमा ।

४. बहाल कर तथा सम्पति कर अभियान संचालन सम्बन्धमा ।

५. विज्ञापन करको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

६. प्रदेश सरकार मार्फत कार्यान्वयन हुने एक वडा एक उत्पादन कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा ।

७. कृषि एप विस्तार सम्बन्धमा ।

८. इन्धन तथा सवारी मर्मत सम्बन्धी मापदण्ड पारित गर्ने सम्बन्धमा ।

९. प्राविधिक सेवाका कर्मचारीलाई वडासचिवको रुपमा कामकाजमा खटाउने सम्बन्धमा

१०. गजुरी गापा १ स्थित चालिसेको सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ।

११. नक्सा संशोधनका लागि सिफारिस गर्ने सम्बन्धमा ।

१२. निर्माणाधीन प्रशासकीय भवन निर्माण ताकेता सम्बन्धमा ।

१३. प्राथमिक स्वास्थ्य केन्द्रको सम्बन्धमा कार्यदल गठन गर्ने सम्बन्धमा ।

१४. सरसफाइ कर्मचारीको सेवा निरन्तरता सम्बन्धमा ।

१५. विस्थापित परिवारका लागि राहत उपलब्ध गराउने सम्बन्धमा ।

१६. लेखापाल कर्मचारीको विदा स्वीकृत सम्बन्धमा ।

१७. कृषि विकास शाखा तथा पशुसेवा शाखाका कर्मचारीहरुका लागि अतिरिक्त प्रोत्साहन भत्ता सम्बन्धमा ।

१८. आन्तरिक लेखापरीक्षण जाँच सूचि, २०८१ पारित गर्ने सम्बन्धमा ।

निर्णयहरु:

१. चालु आ.व. २०८१/८२ को लागि वार्षिक कार्यक्रम कार्यान्वयन तयारी सम्बन्धमा ।

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं १ मा भएको छलफलबाट आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम सम्बन्धी पुस्तिका सार्वजनिक गर्दै सो को सफल कार्यान्वयनका लागि आवश्यक कार्यतालिका अनुसार कार्यसम्पादन गर्न प्रपअ मार्फत सबै विषयगत शाखा तथा वडाकार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. समपुरक तथा विशेष योजनाहरुको ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं २ मा भएको छलफलबाट चालु आर्थिक वर्षका लागि संघ तथा बागमती प्रदेश सरकार संगको साझेदारीमा सम्पन्न हुने देहायका समपुरक आयोजनाहरु तथा प्रदेश सरकारबाट हस्तान्तरित विशेष आयोजनाको ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा लागत अनुमानका आधारमा अपुग रकम विनियोजन भएको तथा उक्त आयोजनाहरु चालु आ.व. मा नै नसक्दा अपेक्षित प्रतिफल प्राप्त नहुने एवम आयोजनाको दीगोपना समेत नहुने भएकाले निम्न आयोजनाका लागि आवश्यकताका आधारमा चालु तर्फको विनियोजन, गापा संग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम समेत बाट श्रोत सुनिश्चितता हुने गरि देहायका अंक बराबरको रकम थप बजेट व्यवस्थापन गरि ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

देहाय

| सि नं | आयोजनाको नाम | चालु आ.व.को बजेट विनियोजन | लागत अनुमान | थप श्रोत सुनिश्चितता | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन्छेटार मिलनटार सडक स्तरोन्नति | २,००,००,००० | २,३४,९९,११२। | ३५,००,०००। | |

टिकेन्द्र प्रसाद

२०८१/०८/१४
राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | लप्से साडकोष चिउरी भन्ज्याड भदौरे पेटारे सडक स्तरोन्नति | २,००,००,००० | २,४९,९३,५८०। | ५०,००,०००। | |
| ३ | भानुभक्त मावि भवन निर्माण | ७०,००,०००। | ८४,९९,३८३। | १५,००,०००। | |
| ४ | पंचकन्या केरावारी दलित बस्ति सडक स्तरोन्नति | १,००,००,०००। | १,१९,९९,६५९। | २०,००,०००। | |

३. खरिद योजना पारित सम्वन्धमा ।

प्रस्ताव नं ३ मा भएको छलफलबाट गाउँकार्यपालिका तथा वडा तह एवम विषयगत शाखाबाट हुने खरिदका लागि खरिद इकाइबाट पेश भइ आएको खरिद योजना २०८१/८२ पारित गर्ने निर्णय गरियो ।

४. बहाल कर तथा सम्पति कर अभियान संचालन सम्बन्धमा ।

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं ४ मा भएको छलफलबाट चालु वर्षको बजेटकको आन्तरिक आय तर्फ बहाल कर एवम् सम्पति करको हिस्सा उल्लेख्य अनुमान गरिएकाले सो लक्ष्यप्राप्तीका लागि सामान्य प्रशासनिक तवरबाट मात्रै संभव नहुने भएकाले अभियानकै रुपमा अघि बढाउन आवश्यक निर्देशन दिने निर्णय गरियो ।

५. विज्ञापन करको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ५ मा भएको छलफलबाट आन्तरिक आयतर्फको विज्ञापन करको ठेक्का व्यवस्थापनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

६. प्रदेश सरकार मार्फत कार्यान्वयन हुने एक वडा एक उत्पादन कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा ।

प्रस्ताव नं ६ मा भएको छलफलबाट बागमती प्रदेश सरकारबाट संचालन हुने एक वडा एक उत्पादन कार्यक्रमका लागि गजुरी गाउँपालिकाबाट वडा नं ३ र वडा नं ५ छनौट गरि सिफारिस गर्ने निर्णय गरियो ।

७. कृषि एप विस्तार सम्वन्धमा ।

प्रस्ताव नं ७ मा भएको छलफलबाट गाउँपालिकाले हालै संचालनमा ल्याएको कृषि एपलाई जनस्तर सम्म पुऱ्याउन आवश्यक कार्य गर्नका लागि सम्बन्धित शाखा र सूचना तथा प्रविधि शाखालाई निर्देशन दिने निर्णय गरियो ।

८. इन्धन तथा सवारी मर्मत सम्बन्धी मापदण्ड पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ८ मा भएको छलफलबाट चालु खर्चमा मितव्ययीता तथा पारदर्शिता कायम गर्न एवम कार्यसम्पादनमा आधरीत सहुलियत उपलब्ध गराउने प्रयोजनका लागि आर्थिक प्रशासन शाखा तथा प्रशासन शाखाबाट पेश भइ आएको इन्धन तथा सवारी मर्मत खर्च सम्वन्धी मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

२०८१/०६/१४

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

९. प्राविधिक सेवाका कर्मचारीलाई वडासचिवको रुपमा कामकाजमा खटाउने सम्बन्धमा ।

प्रस्ताव नं ९ मा भएको छलफलबाट ८ वटा वडा कार्यालय रहेको यस पालिकामा प्रशासन सेवाका स्थायी जनशक्ति नहुँदा सबै वडाहरुमा वडासचिव व्यवस्था गर्न नसकिएकाले सम्बन्धित सेवाका कर्मचारी पदपुर्ति नभएसम्मका लागि प्राविधिक सेवा (कृषि, भेटेरेनरी, इन्जिनियरिङ तथा स्वास्थ्य) का स्थायी कर्मचारीहरुलाई पनि वडा सचिवकको रुपमा कामकाजमा लगाउने निर्णयलाई अनुमोदन गर्दै कार्यान्वयन गर्ने निर्णय गरियो ।

१०. गजुरी गापा १ स्थित चालिसेको सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा ।

प्रस्ताव नं १० मा भएको छलफलबाट गजुरी गाउँपालिका वडा नं १ चालिसे स्थित अतिक्रमित जग्गा यस अघि खाली गराइएकोमा सो को संरक्षणका लागि तारवार गर्ने निर्णय गरियो ।

११. नक्सा संशोधनका लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ११ मा भएको छलफलबाट गजुरी गाउँपालिकाको राजनैतिक विभाजन देखिने गरि प्रचलनमा रहेको नक्सामा वडा नं ७ र ८ को भूगोल र नक्सा मेल नभएकोले उक्त नक्सा संशोधनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नापी विभाग तथा अन्य सम्वद्ध निकायमा लेखि पठाउने निर्णय गरियो ।

१२. निर्माणाधीन प्रशासकीय भवन निर्माण ताकेता सम्वन्धमा ।

प्रस्ताव नं १२ मा भएको छलफलबाट गजुरी गापा को मुख्य प्रशासकीय भवन निर्माण विगत लामो समय अघि सुरु भइ हालसम्म निर्माण सम्पन्न हुन नसकेकोमा सम्बन्धित निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिइ निर्माण कार्यमा तिव्रता दिनका लागि प्रपअलाई निर्देशन दिने निर्णय गरियो ।

१३. प्राथमिक स्वास्थ्य केन्द्रको सम्वन्धमा कार्यदल गठन गर्ने सम्बन्धमा ।

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

देहायः

संयोजकः श्री सन्तोष पौडेल- शिक्षा अधिकृत

सदस्यः श्री सुन्दर कुमार श्रेष्ठ- स्वास्थ्य शाखा प्रमुख

सदस्य- श्री सुदिप पाण्डे- मेडिकल अधिकृत- प्रा.स्वा.का.

१४. सरसफाइ कर्मचारीको सेवा निरन्तरता सम्बन्धमा ।

प्रस्ताव नं १४ मा भएको छलफलबाट गजुरी गाउँकार्यापालिकामा फोहोरमैला व्यवस्थापनका लागि कार्यरत कर्मचारी प्रमित घिमिरेलाई करार सेवामा म्याद थप गरिएकामा निजलाई खाइपाइ आएको सेवा सुविधा बराबरको चाडपर्व खर्च बराबरको रकम उपलब्ध गराउने निर्णय गरियो ।

१५. विस्थापित परिवारका लागि राहत उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्ताव नं १५ मा भएको छलफलबाट गजुरी गापा २ स्थित मजुवामा रहेका गत समयमा पहिरोका कारणले विस्थापित भएका ७ घरपरिवारलाई तत्कालिन राहत स्वरुप प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१६. लेखापाल कर्मचारीको विदा स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं १६ मा भएको छलफलवाट यस गाउँपालिकामा लेखापाल पदमा कार्यरत कर्मचारी संगिता सापकोटाले आफ्नो स्वास्थ्य उपचारका लागि श्रीमान कार्यरत रहेको देश जापानमा जाने सहितको कारणले जापानको भिजा सहित ३० दिनको विदा स्वीकृतिका लागि निवेदन पेश गरेकोमा निजको संचित घर विदावाट कट्टा हुने गरि २०८१/५/२५ बाट लागू हुने गरि विदा स्वीकृति गर्ने निर्णय गरियो ।

१७. कृषि विकास शाखा तथा पशुसेवा शाखाका कर्मचारीहरुका लागि अतिरिक्त प्रोत्साहन भत्ता सम्बन्धमा ।

प्रस्ताव नं १७ मा भएको छलफलबाट गजुरी गाउँपालिका अन्तर्गत कृषि विकास तथा पशु सेवा शाखामा कार्यरत कर्मचारीहरु मध्ये स्थायी सेवाका अधिकृत तहका कर्मचारीहरुलाई २०८१ भदौ महिनाबाटै लागू हुने मासिक ८ हजार तथा सहायकस्तर तहका कर्मचारीहरुलाई गरि मासिक ६ हजारका दरले फिल्ड भत्ताको रुपमा अतिरिक्त प्रोत्साहन उपलब्ध गराउने निर्णय गरियो ।

२०८१।०६।१४

राजु अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

१८. आन्तरिक लेखापरीक्षण जाँच सूचि, २०८१ पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं १८ मा भएको छलफलबाट सरकारी खर्च प्रणालीमा एकरुपता कायम गर्ने सन्दर्भमा आन्तरिक लेखा परिक्षण शाखाबाट पेश भइ आएको आन्तरिक लेखापरीक्षण जाँच सूचि, २०८१ स्वीकृत गरि लागू गर्ने निर्णय गरियो ।

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत